**६) कार्यान्वयन प्रक्रिया**

क) कार्यालयका प्राविधिकहरुवाट लागत ईष्टिमेट तयार पार्ने ।

ख) लागत ईष्टिमेटका आधारमा कूल विनियोजित वजेटवाट सम्पन्न हुन सक्ने घरहरु यकिन गरिनेछ ।

ग) छनौट भएका विपन्न आवास निर्माण कार्य गर्न नगर प्रमुख विपन्न आवास कार्यक्रम अन्तर्गतका योजनाका लागि नगर प्रमुखले निर्णय गरे वमोजिम तथा नगर उप प्रमुख विपन्न आवास कार्यक्रम अन्तर्गतका योजनाका लागि नगर उप प्रमुखले निर्णय गरे वमोजिम आवश्यकता अनुसार उपभोक्ता समिति गठन गरिनेछ ।

घ) संचालन हुने योजनाको अनुगमन गर्न नगर प्रमुख विपन्न आवास योजनाको हकमा नगर प्रमुख वा निजले तोकेको व्यक्ति/समिति तथा नगर उप प्रमुख विपन्न आवास योजनाको हकमा नगर उप प्रमुख वा निजले तोकेको व्यक्ति/समितिले अनुगमन गर्नेछ र सोही अनुगमन प्रतिवेदनका आधारमा भुक्तानीको प्रक्रिया अगाडी वढाईनेछ ।

ङ) कार्यक्रम कार्यान्वयन गर्न गठित उपभोक्ता समितिले कार्य सम्पन्न गरि सके पश्चात फरफारकका लागि पेश गरेका विल भपाईका आधारमा नगरपालिकाले नियमानुसार भुक्तानी गर्नेछ ।

च) विपन्न वर्गको कुनै व्यक्तिको आफ्नै लगानीमा निर्माणाधीन घरको कार्य अधुरो रहेको भए सो अधुरो कार्यमा निर्माण सामग्री (जस्ता पाता, रेडिमेड पिलर आदी) सहयोग गर्न सकिने छ ।

**परिच्छेद-५**

**विविध**

**७) कार्यविधि संसोधन सम्वन्धि व्यवस्था :-**

कार्यविधि संशोधन गर्नु पर्ने आवश्यक भएमा माहाकाली नगरपालिकाको विधायन समितिले निर्णय गरि नगर कार्यापालिका समक्ष पेश गर्नेछ । नगरकार्यापालिकाबाट आवश्यक संसोधन हुनेछ ।

प्रमाणिकरण मिति : २०७७ असोज ०७

आज्ञाले
गणेशदत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र

माहाकाली नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : ५, असोज २८ गते, २०७७ साल

**भाग-२**

## विपन्न आवास सहयोग कार्यक्रम संचालन कार्यविधि २०७७

**प्रस्तावना :**

नेपालको संविधानको भाग ३ को मौलिक हक अन्तर्गत धारा ३७ वमोजिम प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भन्ने अधिकार दिएको हुदा माहाकाली नगरपालिकाले चालु आ.व.मा नगर प्रमुख विपन्न आवास कार्यक्रम तथा नगर उपप्रमुख विपन्न आवास कार्यक्रम मार्फत यस नगरपालिका क्षेत्र भित्र गरिवीको रेखामूनी रहेका विपन्न वर्गहरुलाई आवासको प्रवन्ध गर्नु आवश्यक ठानी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम माहाकाली नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**परिच्छेद:- १**

**प्रारम्भ**

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम:**"विपन्न आवास सहयोग कार्यक्रम संचालन कार्यविधि २०७७"** रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ ।

**२) परिभाषा**

(१) विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन"भन्नाले **स्थानीय सरकार संचालन ऐन २०७४** लाई संझनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले माहाकाली नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले माहाकाली नगरकार्यपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "विपन्न वर्ग" वा "लक्षित" वर्ग भन्नाले यस कार्यविधिको परिच्छेद २ को दफा ३ वमोजिका व्यक्तिहरुलाई जनाउनेछ ।

(च) "सभा" भन्नाले नगर सभा लाई संझनु पर्दछ ।

(छ) "प्रमुख" भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(ज) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख लाई सम्झनु पर्दछ ।

(झ) "कार्यालय प्रमुख" भन्नाले नगरपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संझनु पर्दछ ।

(ञ) "वडा समिति" भन्नाले माहाकाली नगरपालिकाको वडा समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## लक्षित वर्ग

**३) नगर प्रमुख विपन्न आवास कार्यक्रम तथा नगर उप प्रमुख विपन्न आवास कार्यक्रमका लक्षित वर्ग देहाय अनुसारका व्यक्ति हुनेछन ।**

१) माहाकाली नगरपालिकाको स्थायी वासिन्दा भएको ।

२) १ (एक) कठ्ठा वा सो भन्दा कम जग्गा आफ्नो स्वामित्वमा भएको वा दर्ता जग्गा नाममा नभएको तर फिल्ड वुक कायम भएको जग्गामा वसोवास गरेको ।

३) आफ्नो स्वामित्वमा ३ (तीन) कठ्ठा वा सो भन्दा कम जग्गा भएको तर आय श्रोत केहि नभएको र घर पनि नभएको ।

४) आफ्नो वा परिवारका कुनै पनि सदस्यको स्वामित्वमा जग्गा नभएको ।

५) आफ्नो स्वामित्वमा ३ (तीन) कठ्ठा वा सो भन्दा कम जग्गा भएको तर आय श्रोत केहि नभएको र घर पनि नभएको वा जग्गा नै नभएको एकल महिला, अपांगता भएको व्यक्ति, दलित, जनजाती प्राथमिकता प्राप्त लक्षित वर्ग मानिनेछ ।



## परिच्छेद-३
## विपन्न वर्गको छनौट

**४) विपन्न वर्गको छनौट देहाय अनुसार गरिने छ ।**

क) नगर प्रमुख एवं नगर उपप्रमुखको निर्देशनमा नगरपालिकाले प्रत्येक वडावाट विपन्न वर्गको तथ्यांक माग गर्नेछ ।

ख) वडा समितिवाट प्राप्त विपन्न वर्गको सूचिवाट तथा नगर प्रमुखको स्वविवेकवाट नगर प्रमुख विपन्न आवास कार्यक्रम अन्तर्गतको वजेटवाट निर्माण गर्न सकिने आवासको संख्या यकिन गर्न र छनौट गर्न माहाकाली नगरपालिकाका प्राविधिकसंग समन्वय गरी नगर प्रमुख द्वारा निर्णय गरिनेछ ।

ग) वडा समितिवाट प्राप्त विपन्न वर्गको सूचिवाट तथा नगर उप प्रमुखको स्वविवेकवाट नगर उपप्रमुख विपन्न आवास कार्यक्रम अन्तर्गतको वजेटवाट निर्माण गर्न सकिने आवासको संख्या यकिन गर्न र छनौट गर्न माहाकाली नगरपालिकाका प्राविधिकसंग समन्वय गरी नगर उपप्रमुख द्वारा निर्णय गरिनेछ ।

घ) विपन्न आवास निर्माण गर्नु भन्दा पूर्व नगर प्रमुख विपन्न आवास सहयोग कार्यक्रम अन्तर्गत संचालन गरिने योजनाका हकमा नगर प्रमुखले तथा नगर उपप्रमुख विपन्न आवास सहयोग कार्यक्रम अन्तर्गत संचालन गरिने योजनाका हकमा नगर उपप्रमुखले अनुगमन गरी अति विपन्न वर्ग यकिन गरी मात्र छनौट गरिनेछ ।

ङ) लक्षित वर्गलाई सरकारी जमिन प्राप्त भएमा निजहरुको समेत आवास निर्माण गर्न सकिनेछ ।

च) नगर प्रमुख विपन्न आवास कार्यक्रम तथा नगर उपप्रमुख विपन्न आवास कार्यक्रम अन्तर्गत छनौट भएका विपन्न आवास निर्माण कार्यान्वयन प्रचलित कानून वमोजिम नगरपालिकाको कार्यालयले गर्नेछ ।

## परिच्छेद-४
## कार्यान्वयनका लागि आर्थिक व्यवस्था एवं कार्यान्वयन प्रक्रिया

**५) कार्यान्वयका लागि आर्थिक व्यवस्था**

क) नगर सभावाट नगर प्रमुख विपन्न आवास कार्यक्रम तथा नगर उपप्रमुख विपन्न आवास कार्यक्रमका लागि वजेट विनियोजन गरिनेछ ।

ख) कुनै संघ, संस्था तथा सरकारी निकाय वा गैर सरकारी निकायवाट नगर प्रमुख विपन्न आवास कार्यक्रम तथा नगर उपप्रमुख विपन्न आवास कार्यक्रमका लागि सहकार्य गर्न प्राप्त रकम ।